## संस्थाको परिचय

शान्ति फाउण्डेशन (Shanti Foundation) इ.सं. २०१६ मा मानव बेचबिखन प्रभावित तथा एच.आइ.भी. संक्रमित महिलाहरुद्वारा स्थापना भई संचालन भएको सामाजिक संस्था हो । आफ्नो स्थापना कालदेखि नै यस संस्थाले लाल्छना तथा भेदभाव मुक्त संसार जहां मानव बेचबिखन प्रभावित तथा एच.आइ.भी. संक्रमित महिला, बालबालिका युवा लगायत सबै लिङ्गका समाजमा समानता र स्वतन्त्रताको साथ गुणस्तर र उत्पादकत्वको जीवन बिताउन सक्ने मूल दर्शनको साथ काम गर्दै आएको छ।

यस संस्थाले मानव बेचबिखन, एच.आइ.भी. र यौन तथा प्रजनन् स्वास्थ्यको क्षेत्रमा देशका विभिन्न जिल्ला, प्रदेश तथा केन्द्रिय तहमा उद्धार, रोकथाम, सुरक्षा, सशक्तिकरण र वकालत तथा पैरवी गर्नुको साथै विपतको बेला आपातकालीन सहयोग गर्दै आएको छ।



**सम्पर्क**
**शान्ति फाउण्डेशन**
**(SHANTI FOUNDATION)**
कुमारीगाल, काठमाडौं-६, सम्पर्क : ९८४९९१०१४४/०१-५१०७५४८
इमेल:info@shantifoundation.org.np, वेबसाइट:shantifoundation.org.np


# मानव बेचबिखन तथा ओसारपसार विरुद्धको जानकारी पुस्तिका




The Asia Foundation

# मानव बेचबिखन तथा ओसारपसार विरुद्धको जानकारी पुस्तिका



# मानव बेचबिखन तथा ओसारपसार विरुद्धको जानकारी पुस्तिका

| | | |
|---|---|---|
| प्रकाशन वर्ष | : | २०७७ |
| प्रति | : | २५०० |
| सर्वाधिकार | : | प्रकाशकमा सुरक्षित |
| प्रकाशक | : | **शान्ति फाउण्डेशन**<br>कुमारीगाल, काठमाडौं<br>९८४९९१०१४४/०१-५१०७५४८ |
| कभर डिजाइन/<br>ले आउट/मुद्रण | : | विविध डिजाइन एण्ड प्रिन्टिङ्ग प्रेस<br>९८४९४९८३६६/९८०७०४९३५२ |

# मानव बेचबिखन तथा ओसारपसार

## पृष्ठभूमि

मानव बेचबिखन एक अपराध मात्र नभई यो मानव अधिकार मर्यादा तथा मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको गम्भीर उल्लंघन हो । मानव बेचबिखन नेपाली समाजको मात्र नभई विश्वव्यापी साझा समस्याको रुपमा रहेको छ । मानव बेचविखन मानवता विरुद्धको निकृष्ट अपराध र मानवअधिकार उल्लङ्घनको पराकाष्ठा हो ।

नेपालले ४ दशक पहिले नै दास प्रथाको अन्त्य गरेको थियो । यद्यपी विभिन्न कालखण्ड र समय अनुसार यसका स्वरूपहरू परिवर्तन भइरहेका छन् । विश्व इतिहासमा विभिन्न कालखण्डमा दासत्व, बाध्यात्मक श्रम, बधुँवा श्रम तथा दासत्व, असुरक्षित आप्रवासन, व्यावसायिक यौन शोषण, यौन दासत्व, बाध्यात्मक विवाह, बालविवाह, बालश्रम, बालदासत्व, धर्म-पुत्र/धर्म-पुत्रीका रूपमा शोषण, मानव अङ्ग प्रत्यारोपण आदिका लागि बेचबिखन हुने गरेको पाईएको छ। समयको अन्तरालसँगै यी समस्याको स्वरूप र आयाममा परिवर्तित हुँदै आइरहेको छन् । यसले विश्व जगतमा एउटा अन्तरदेशीय सङ्गठित अपराधको रूप लिइरहेको छ। हतियारपछि मानव तस्करी नै विश्वको सबैभन्दा बढी नाफामुलक ब्यवसायको रुपमा रहेको छ।

## मानव बेचबिखन तथा ओसारपसारको परिभाषा

सामान्य रूपमा प्रलोभनमा पारी, झुक्याई, डरत्रास देखाई कुनै पनि व्यक्तिलाई उसको इच्छाविपरीत कुनै न कुनै रूपमा शोषण गर्ने वा नाफा कमाउने उद्देश्यले जबरजस्ती कुनै पनि कार्य गर्न बाध्य तुल्याइने अवस्थालाई नै मानव बेचबिखन भनिन्छ ।

किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने वा वेश्यावृत्तिमा लगाउने/शोषण गर्ने उद्देश्यले शारीरिक, मानसिक रुपमा दवाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा मन्जुरी विना नेपाल भित्र वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य मानव ओसारपसार हो ।

***मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा १ ले मानव बेचबिखनलाई निम्नानुसार परिभाषित गरेको छ :***

क) कुनै उद्देश्यले मानिस बेच्ने वा किन्ने,
ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
ग) प्रचलित कानून बमोजिम बाहेक मानिसकोअङ्ग झिक्ने र
घ) वेश्यागमन गर्ने ।

***सोही ऐनको उपदफा २ ले मानव ओसारपसारलाई पनि परिभाषित गरेको छ । जस अनुसार मानव ओसार पसार भन्नाले देहाएका कार्यहरुलाई बुझाउँछ :***

(क) किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
(ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोसपारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

***मानव बेचबिखनलाई रोक्ने दबाउने र सजाय गर्ने संयुक्त राष्ट्र संघको प्रलेख २००० (पालेर्मो प्रोटोकल) ले मानव बेचबिखनलाई निम्नानुसार परिभाषित गरेको छ :***

मानव बेचबखिन भन्नाले कुनै पनि व्यक्तिलाई शोषण गर्ने उद्देश्यले बलपुर्वक वा अपहरण, ठगी, धोका, शक्तिको दुरुपयोग, व्यक्तिको कमजोरी अवस्थाको फाइदा उठाइ, लोभ लालसा देखाइ वा आर्थिक लेनदेन गरी व्यक्तिमाथीको नियन्त्रणका लागि सहमति प्राप्त गरी जस्ता अन्य तरिकाले प्रभावमा पारी भर्ती गर्नु, ओसारपसार गर्नु, सञ्चिती गर्नु वा प्राप्त गर्नु कार्यलाई बुझाउँदछ । यस धारा अन्तर्गत शोषण भन्नाले यौनकर्मीको शोषण, अन्य प्रकारका यौन शोषण, बाध्यकारी श्रम र सेवा, दासत्व वा यस्तै प्रकारका अभ्यासहरु तथा अंग झिक्ने कार्य समेतलाई जनाउँदछ । सोही धाराको उपधारा २ र ३ ले बालबालिकाको लागि सहमति आवश्यक नहुने र करकापमा पारी प्राप्त गरेको सहमतिलाई सहमतिको रुपमा नस्विकार्ने व्यबस्था गरेको छ ।

**कुनै पनि कार्य मानव बेचबिखन तथा ओसारपसार ठहरीन निम्न अभ्यासको उपस्थिती अनिवार्य मान्न सकिन्छ :**

- ✓ व्यक्तिले व्यक्तिगत कुनै पनि माध्यमबाट नियन्त्रणमा राख्नु र उसको स्वतन्त्रतालाई निषेध गर्नु,
- ✓ नियन्त्रणमा रहेका व्यक्तिको स्थानन्तरण, ओसारपसार, भर्ती वा प्राप्त गर्ने वा किनबेच गर्नु,
- ✓ नियन्त्रणमा रहेको व्यक्तिको यौन तथा श्रम शोषण गर्नु वा अंग झिक्ने कार्य गर्नु,
- ✓ जबर्जस्ती वा लोभ लालसा देखाई सहमति प्राप्त गर्नु वा व्यक्तिको सहमतिबिना माथी उल्लेखित तिन कार्यहरु गर्नु,
- ✓ यौन व्यवसायको सञ्चालन तथा व्यवशायिक यौन सेवाको उपयोग (नेपालको विद्यमान कानुन अनुसार) ।

## मानव बेचबिखन र मानव तस्करी

मानव बेचबिखन र मानव तस्करी एउटै देखिएतापनि सारमा सबै मानव तस्करीका घटनाहरू मानव बेचबिखन होइनन् । तर सबै मानव बेचबिखनका घटनाहरूमा भने मानव तस्करीका लक्षणहरू पाइन्छन् ।

मानव तस्करी संगठीत रुपमा हुने मानिसको ओसारपसार हो । कसैले आर्थीक उपार्जन वा अन्य कुनै किसीमले फाईदा लिने उद्देश्यले, कुनै व्यक्तिलाई विधिवत प्रवेशआज्ञा नभएको मुलुकमा गैर कानुनी रुपमा मानिसहरुको प्रवेश गराउने वा गैर कानूनी रुपमा व्यक्तिको इच्छा अनुरुप उसको सहमति र चाहना अनुसार एक देशबाट अर्को देशमा व्यक्तिलाई लगिने कार्य मानव तस्करीको कार्य हो ।

मानव बेचविखन तथा ओसारपसारमा परेका मानिसहरुलाई दास बनाइएका हुन्छन् । सिमित हिँडडुल गर्न दिईएको हुदैन । एकान्तमा राखिएको हुन्छ । बलजफत श्रम वा शोषण भएको हुन्छ । मानव तस्करीमा तस्करीमा परेको मानिस आफैले सहयोग गरिरहेको हुन्छ । यस्मा व्यक्ति स्वंयलाई आफू गैरकानूनी कार्य गरिरहेको जानकारी हुने भएकोले सधैं जोखिममा रहन्छ । त्यहाँ बास्तविक वा गुप्त बल प्रयोग हुँदैन । तस्करीमा परेका मानिसहरु पिडित नभएर कानून उलंघनकर्ताहरु हुन् । उनीहरु काम (जागिर) छाड्न वा परिवर्तन गर्न स्वतन्त्र हुन्छन् । एक देशबाट अर्को देशमा मानिसहरुका अबैध प्रवेशलाई सघाउँछ । तस्करी जहिलेपनि अन्तर्राष्ट्रिय सीमा नाघेर नै हुन्छ । व्यक्ति अनधिकृत रुपमा अन्य देश भित्रप्रवेश गरेको हुनुपर्छ वा प्रवेश गर्ने प्रयास गरेको हुनुपर्छ ।

## मानव बेचबिखन तथा ओसारपसारको अवस्था

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धीत सूचना तथा तथ्याङ्क प्रणालीको अभावका कारण आधिकारिक सूचना प्राप्त गर्न कठिन छ । विश्वभरि कुनै न कुनै रूपमा आधुनिक युगको दासतामा बाँच्न परेका ४ करोड मानिसहरूमध्ये दुईतिहाइ एसिया महादेशमा रहेको Walk Free Foundation को Global Slavery

Index 2018 ले देखाएको छ। ती मध्ये ७० प्रतिशत महिला तथा बालबालिका रहेको देखिन्छ । उक्त तथ्यांकअनुसार नेपालमा कुल जनसंख्याको झण्डै ६ प्रतिशत मानिसहरू आधुनिक दासत्वमा बाँच्नुपरेको तथ्य उपलब्ध छ । यी तथ्यअनुसार पनि अन्तर्राष्ट्रिय श्रम बजारमा सस्तो श्रमको बढ्दो मागसँगै विश्वमा मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू विश्वव्यापी रूपमै भइरहेको स्थिति देखिन्छ ।

**मानव बेचबिखन तथा ओसारपसार सम्बन्धीत केहि तथ्यहरु**

- ✓ विश्वव्यापी रूपमा हुने मानव बेचबिखन मध्ये ७५–८० प्रतिशत बेचबिखन यौनजन्य शोषणको लागि हुने गरेको छ।
- ✓ विश्वभरमा करिब २ करोड ७० लाख वयस्क र १ करोड ३० लाख बालबालिकाहरू बेचबिखनमा पीडितको रूपमा रहेका पाईन्छ।
- ✓ मानव बेचबिखनको फेरिदो आयाम तथा रूपहरू शारीरिक अंगहरू (मृगौला, कलेजो, रगत) को तस्करी बढ्दै गइरहेको छ। करिब १७ प्रतिशतलाइ Forced Labour को रूपमा राखिने गरेको र करिब ३ जना पीडित मध्ये २ जना महिला रहने गरेको अवस्था छ।
- ✓ नेपाल प्रहरीको तथ्याङ्क अनुसार नेपालमा बार्षिक २ सय देखि ३ सयको संख्यामा मानव बेचबिखनको उजुरी पर्ने गरेको छ। एक बर्षमा १३६७८ मानिसहरु हराएको र केवल ४७ प्रतिशत मात्र फेला परेको देखिन्छ। (अन्तर्राष्ट्रिय अध्ययनहरुको हराएका र फेला नपरेका मानिसहरु (द्वन्द, सैन्यकरण र प्रकोपको अवस्थामा बाहेक) अधिकतम बेचबिखनमा पर्ने गरेको पाइन्छ।)
- ✓ राष्ट्रिय मानव अधिकार आयोगले २०७५ मा गरेको एक अध्ययन अनुसार मनोरञ्जन तथा सत्कार ब्यवसायमा करिब २० प्रतिशत श्रमिकहरु मानव बेचबिखनको शिकार भएको तथा ४६ प्रतिशतभन्दा बढी बाध्यकारी श्रमको शिकार भएका पाईएको छ।

## नेपालबाट अन्य राष्ट्रमा भइरहेको बेचबिखनको अवस्था

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, विशेष गरी महिला र बालबालिकाको बेचबिखन एवं ओसारपसार नियन्त्रणका क्षेत्रमा नेपाल सरकारले विगत ३ दशक देखि नै कार्यक्रमहरु सञ्चालन गर्ने तथा नीतिगत र कानूनी व्यवस्थाहरु लगायत विभिन्न प्रयासहरु गरेको पाईन्छ । यद्यपी मानव बेचबिखनको जोखिम तथा घटनामा उल्लेखनीय कमी आउन सकेको छैन । प्रत्येक वर्ष मानव बेचविखनमा पर्नेको संख्या बढ्दो छ । राष्ट्रिय मानवअधिकार आयोगको मानव बेचविखन प्रतिवेदन २०७६ ले सार्वजनिक गरेको तथ्याङ्क अनुसार गतवर्ष नेपालमा ३५ हजार मानिस बेचविखनमा परेका र १५ लाख मानिसहरु जोखिममा रहेका छन् ।

विगतदेखि नै मानव बेचबिखनलाई यौन कार्यसँग जोडेर हेर्ने गरिन्थ्यो र यस्तो दृष्टिकोण अहिले पनि कायमै छ । शुरूमा नेपालबाट महिला तथा बालिकाहरू भारतका ठूला शहरहरूमा व्यवसायिक यौन शोषणका लागि बेचबिखन हुने गरेकोमा हाल यो समस्याको आयाममा परिवर्तन हुँदै विभिन्न स्वरूपमा देखा पर्न थालेको छ । नेपालबाट भारत र चीन बाहेकका अन्य मुलुकमा पनि मानव बेचबिखन तथा ओसारपसारका घटनाहरु उल्लेखनीय रुपमा रहेको पाईन्छ । विशेष गरी प्रतिबन्धित मुलुकहरुमा श्रमका लागि लैजाने, अफ्रिकी मुलुकमा यौन व्यवसाय तथा नृत्यका लागि नेपाली महिलाहरुलाई लैजाने, अमेरिका, युरोप र अष्ट्रेलियामा पढ्न तथा रोजगारका लागि पठाइदिने नाममा भइरहेको मानव तस्करी र मध्यपश्चिम तथा खाडी राष्ट्रहरुमा वैदेशिक रोजगारीका नाममा गएका व्यक्तिहरुले भोग्नुपरेका समस्याहरुका आधारमा अन्य राष्ट्रमा भइरहेको मानव बेचबिखनको भयावह अवस्थालाई स्पष्ट पार्दछ । विश्वव्यापीकरण, बजारीकरण र अन्तर्राष्ट्रिय सम्बन्धको बिस्तारले यसलाई बढावा दिइरहेको छ । सरोगेसी (भाडामा बच्चा जन्माउने) र विदेशी नागरिकहरूसँग विवाह गर्ने नाममासमेत हुने मानव बेचबिखन तथा ओसारपसारको प्रकृति र शैलीमा व्यापक परिवर्तन हुँदै आएको छ  भने यसको जोखिम समेत बढिरहेको छ ।

विगतमा मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले नेपाललाई बढी स्रोत (Source) मुलुकको रूपमा उल्लेख गर्ने गरेको पाइएता पनि हाल आएर देशभित्रै आन्तरिक रूपमा मानव बेचबिखनको गतिविधि बढिरहेको र कतिपय रूपमा यहाँ राखी अन्यत्र लैजाने गरेको विवरणहरू प्राप्त भएकोले हाल नेपाल पनि गन्तव्य स्थान र Transit विन्दुको रूपमा समेत विकसित भइसकेको पाइन्छ ।

## नेपालमा भइरहेको आन्तरिक मानव बेचबिखनको अवस्था

नेपालभित्रै मानव बेचबिखनको घटनाहरु विशेषतः वयस्क मनोरञ्जन व्यवसाय तथा इट्टाभट्टामा हुने श्रम शोषणका क्षेत्रमा भएको पाइन्छ । राष्ट्रिय मानव अधिकार आयोगको अध्ययन (२०७५) ले वयस्क मनोरञ्जन व्यवसायमा करिब २० प्रतिशत श्रमिकहरु बेचबिखनको शिकार भएको हुनसक्ने तथ्यांङ्क सार्वजनिक गरेको छ । इट्टा कारखाना, जरी भर्ने उद्योगमा बालबालिका तथा वयस्कहरुलाई पेश्किका नाममा नाइके मार्फत नियन्त्रणमा लिई न्युन ज्यालादर, आधारभुत सुविधाबाट बन्चित गराई तथा स्वेच्छिक रोजगारीको छनौटबाट बन्चित गरी बाध्यकारी श्रममा प्रयोग गरेको पाइन्छ । यद्यपी यस क्षेत्रमा कति अनुपातमा मानव बेचबिखन प्रभावित छन् भन्ने पर्याप्त अध्ययन तथा तथ्याक भने उपलब्ध छैनन् ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले २०७४ मा निकालेको मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी राष्ट्रिय प्रतिवेदनका अनुसार शहरी क्षेत्रमा मनोरञ्जन तथा यौन कार्यका लागि युवा युवतीहरूको बढ्दो मागले मानव बेचबिखनलाई विस्तार गर्न थप बल पुर्‍याएको छ ।

करीब डेढ दशक यता नेपालमा मनोरञ्जन तथा सत्कार व्यवसायहरुको उपस्थिती बढ्दो छ । विशेषतः देशका प्रमुख पर्यटकीय एवं शहरी क्षेत्रहरुमा मनोरञ्जन तथा सत्कार व्यवसायको बढ्दो संख्यासँगै त्यहाँ महिला तथा बालबालिकाहरु

जबर्जस्ती श्रम र बेचबिखन तथा यौन शोषणको शिकार भइरहेको प्रतिवेदनहरु यसक्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुले सार्वजनिक गरेका छन् ।

द फ्रिडम फन्ड र संस्थाहरुले (२०१८) गरेको अध्ययन अनुसार काठमाण्डौ उपत्यकाका वयस्क मनोरञ्जन व्यवसायहरुमा करिब १७ प्रतिशत १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरु रहेको, ६२ प्रतिशत श्रमिकहरुले बाल्यकालदेखि नै यस क्षेत्रमा काम थालेको, ६ प्रतिशत श्रमिकहरुले यौन शोषण भोग्न बाध्य भएको, ६० प्रतिशत यौन शोषण मुलक परिवेशमा काम गरिरहेको देखाएको छ । उक्त अध्ययन प्रतिवेदन अनुसार करिब २७ प्रतिशत श्रमिकहरु बाध्यकारी श्रमको शिकार भएका तथा ७२ प्रतिशत श्रमिकहरुमाथि हिंसा हुने गरेको देखाएको छ । यसप्रकारको हिंसामा तलब नदिने, जथाभावी गाली गर्ने, धम्कि दिने, केही घटनाहरुमा हातपात गर्ने, मानसिक दबाब दिने र अश्लिल चित्रण गर्ने धम्कि दिनेजस्ता व्यवहारहरु भएको पाइन्छ । त्यसैगरी ग्राहकहरुबाट पनि जबर्जस्ती छुने, चलाउने, यौन दुर्व्यवहार गर्ने र जथाभावी रुपमा बोलाउने गरिएको पाइन्छ ।

## मानव बेचबिखन र लैगिंक विभेदमा आधारित हिंसा

कुनै पनि व्यक्तिलाई उसको लिङ्गको आधारमा गरिने भेदभाव, असमान व्यवहार एवं कसुरजन्य क्रियाकलापहरु लैङ्गिक हिंसा भित्र पर्दछन् । व्यक्तिलाई उसको लिङ्गको आधारमा सामाजिक लैङ्गिक विभेदबाट निर्देशित भई गरिएका सम्पूर्ण विभेदपूर्ण कार्यहरु लैङ्गिक विभेदमा आधारित हिंसा हुन् । यस्ता कार्यहरुभित्र शारीरिक, मानसिक, यौनिक रुपले पीडा दिने वा पुऱ्याउने खालका काम तथा व्यवहारहरु पर्दछन् ।

वर्तमान एक्काइसौं शताब्दीमा समेत विद्यमान संरचनागत विभेद, महिला तथा बालिकालाई दोस्रो दर्जाको नागरिकका रुपमा गरिने व्यवहार, विभेदकारी हानिकारक सामाजिक मूल्यमान्यता र सोचका कारण बेचविखनको जोखिममा

महिला र वालवालिका धेरै छन् । पितृसत्ता, विशाक्त पुरुषत्व, असमान शक्ति सम्बन्ध, लैगिंक असमानता र लैङ्गिक विभेदमा आधारित हिंसाका कारण बढी मात्रामा महिला, बालबालिका तथा किशोरकिशोरीहरू बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भइरहेका छन् ।

लैगिंक विभेदमा आधारित हिंसाका कारण छोरीहरूलाई स्कुल नपठाउने, घरभित्रका कामहरू तथा बालबच्चाको भरणपोषण गर्ने प्रमुख दायित्व महिलाको हो भन्ने सोच राख्ने, राजनैतिक निर्णय गर्ने स्थानहरूमा महिलाको पहुँच सुनिश्चित हुने वातावरण नहुनु, यौनिकता, धर्म, परम्परा र सामाजिक व्यवहारहरूमा विभिन्न प्रकारका भेदभावहरूजस्ता अपराधपूर्ण व्यवहारहरू हाम्रो समाजमा व्याप्त छन् । घरेलु हिंसा, यौन दुर्व्यवहार लगायत लैङ्गिकतामा आधारित हिंसा, द्वन्द्व, विभिन्न प्रकोपबाट प्रभावित, विस्थापित महिला तथा बालबालिकाहरू, शिक्षा, रोजगारी लगायतका अन्य अवसरहरुको खोजि गरिरहेका, घरबाट भागेका वा निकालिएका बालबालिका, किशोरी, युवा र महिलाहरूका सोझोपन, इमान्दारीता, गरिवी र बेरोजगारी लगायतको बाध्यात्मक अवस्थाको फाइदा उठाई मानव बेचबिखन तथा ओसार पसार हुने गरेको पाईएको छ । लैगिंक विभेदमा आधारित हिंसा महिलाको बेचबिखन तथा ओसारपसारका लागि प्रमुख कारक रहेको हुदा लैगिंक विभेदकका कारक तत्वहरुको पहिचान गरी यसलाई निर्मुल गर्नु जरुरी रहेको छ ।

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि भएका प्रयासहरू

नेपालले मानव बेचबिखनको सरोकारलाई विगत ७ दशकभन्दा पहिलेदेखि उठाउँदै आएको छ । कानूनी रुपमा मानव बेचबिखन तथा ओसारपसारलाई सम्बोधन गर्न विभिन्न कालखण्डहरुमा कानुनतः सम्बोधन गर्ने प्रयास भएको पाइन्छ । नेपालको संविधान २०७२ ले मानव बेचबिखनलाई संवैधानिक रुपमा

निषेध र दण्डनीय बनाएको छ। नेपालले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने ऐन २०६४ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। नेपाल संयुक्त राष्ट्र संघले पारित गरेका प्रमुख ९ मानव अधिकार महासन्धिहरुमध्ये ७ वटा महासन्धिको र आइएलओ महासन्धिहरुमध्ये ९ वटा महासन्धिको पक्ष राष्ट्र रहेको छ। नेपालले अन्तर्देशीय सँगठित अपराध नियन्त्रण गर्ने संयुक्त राष्ट्र संघीय महासन्धि (२०००) को पक्ष राष्ट्र रहेको छ। हालै नेपाल सरकारले मानव बेचविखन विशेष गरी महिला र बालबालिकाको बेचविखन रोकथाम, नियन्त्रण र सजायगर्ने प्रलेख (पालेर्मो प्रोटोकल २०००) अनुमोदन गरेको छ।

नेपालको संविधान २०७२ ले मानव बेचबिखन तथा ओसारपसारलाई एक गम्भिर अपराधको रुपमा पहिचान गर्दै यस विरुद्धका प्रावधानहरुलाई मौलिक हक तथा राज्यका नीति अन्तर्गत सम्बोधन गरेको छ। नेपालको संविधानले मानव बेचबिखनलाई संवैधानिक रुपमा नै निषेधित, दण्डनीय र पीडितलाई क्षतीपुर्तीसहितको अधिकारको सुनिश्चितता गरेको छ। संविधानको मौलिक हक अन्तर्गतका ९ वटा धाराहरू (धारा १७, १८, २०, २१, २९, ३३, ३४, ३८ र ३९) प्रत्यक्ष रूपमा मानव बेचबिखन र दासतासँग सम्बन्धित रहेका छन्। यस बाहेक राज्यका नीतिहरूमा उल्लेखित व्यवस्थाहरूले पनि मानव बेचबिखनका सवाललाई सम्बोधन गरेको पाइन्छ।

## मानव बेचबिखन तथा ओसारपसार विरुद्धको कानुन सम्बन्धीको जानकारी
**(मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४)**

| | |
|---|---|
| **अपराधको सूचना र उजुरी** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा ५) | मानव बेचबिखन तथा ओसारपसार कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले पनि नजिकको प्रहरी कार्यालयमा जहिलेसुकै उजुरी गर्न सक्नेछ । उजुरी गर्ने व्यक्तिले आफ्नो नाम प्रकाशमा ल्याउन नचाहेमा उक्त व्यक्तिको नाम गोप्य नै राख्नुपर्ने व्यवस्था छ । |
| **बयान प्रमाणितको व्यवस्था** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा ६) | पीडित आफैले उजुरी दिएमा तत्काल बयान गराई प्रमाणित गराउन तुरुन्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्दछ । बयान प्रमाणित गराउन लगेमा जिल्ला न्यायधीशले प्रमाणित गरिदिनु पर्दछ । मुद्दाको कारवाहीको सिलसिलामा पीडित अदालतमा हाजिर नभए पनि उक्त प्रमाणित बयान प्रमाणको रुपमा लिन मिल्छ । |
| **सरकारवादी फौजदारी मुद्दा** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा २८) | मानव बेचबिखन तथा ओसारपसार अपराध सरकार वादी हुने फौज्दारी मुद्दाको रुपमा कारवाही हुन्छ । यसमा मानव बेचबिखन तथा ओसारपसारको उजुरी उपर प्रहरीको अनुसन्धानपछि अदालती न्याय प्रक्रियामा सरकारी वकिलले मुद्दाको कानुनी प्रतिनिधित्व गर्दछ । |
| **बन्द इजलासमा मुद्दाको कारवाही** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा २७) | मानव बेचबिखन तथा ओसारपसार मुद्दाको कारवाही र सुनुवाई बन्द इजलासमा हुन्छ । बन्द इजलासमा कारवाही तथा सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, उनीहरूका कानुन व्यवसायी र अदालतले अनुमती दिएका व्यक्तिमात्र बन्द इजलासमा प्रवेश गर्न सक्दछ । |
| **प्रचार प्रसार गर्न नहुन** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा २५) | कसैले पनि पीडितको स्वीकृति नलिई पीडितको वास्तविक नाम, तस्वीर वा चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न हुँदैन । अनुमति विना प्रचार प्रसार गर्ने व्यक्तिलाई १० हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना हुन्छ । |
| **छुट्टै कानुन व्यवसायी राख्न पाउन** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा १०) | मुद्दाको सुनुवाई अदालतमा हुँदा पीडितले छुट्टै कानून व्यवसायीमार्फत प्रतिनिधित्व गराउन चाहेमा निजले त्यस्तो कानून व्यवसायी राख्न सक्दछ । मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अदालतको अनुमति लिई दोभाषे वा अनुवादक राख्न सक्दछ। |

| | |
|---|---|
| **सुरक्षाको व्यवस्था** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा २६) | पीडित/साक्षीले आफुलाई प्रतिशोधात्मक कारवाही हुन सक्ने मनासिव कारण देखाई सुरक्षाको लागि नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा प्रहरीले मुद्दाको कारवाहीको सिलसिलामा अड्डा अदालतमा आउँदा जाँदा सुरक्षा दिने, निश्चित अवधिसम्म प्रहरीको सुरक्षामा राख्ने वा पुर्नस्थापना केन्द्रमा राख्ने लगायतको सुरक्षाको व्यवस्था गर्नुपर्दछ । |
| **आत्मरक्षाको अधिकार** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा १६) | आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको अवस्थामा सोबाट बच्न कुनै कार्य गर्दा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा कुनै प्रकारको चोटपटक लाग्न गएमा पनि बच्ने प्रयास गर्ने व्यक्तिलाई कुनै प्रकारको सजाय नहुने गरी आत्मरक्षाको अधिकार छ । |
| **दण्ड सजाय** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा १५) | मानव बेचबिखन तथा ओसारपसार अपराधको मात्रा र प्रकार तथा पीडितको उमेरको आधारमा २० वर्षसम्म कैद र ५ लाखसम्म जरिवाना हुन सक्दछ । दुरुत्साहन, षडयन्त्र उद्योग वा मतियारलाई सम्बन्धित सजायको आधा सजाय हुन्छ । |
| **क्षतिपूर्तिको अधिकार** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा १७) | अदालतले कसूरदारलाई भएको जरिवानामा ५० प्रतिशत बराबरको रकममा नघट्ने गरी पीडितलाई मनासिव माफिकको क्षतिपूर्ति भराइ दिनु पर्दछ । क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा नाबालक छोराछोरी र उनीहरू नभएमा आश्रित बाबुआमाले क्षतिपूर्ति पाउँदछ । |
| **पुरस्कारको व्यवस्था** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा १९) | मानव बेचबिखन तथा ओसारपसार गरेको वा गर्न लागेको छ भन्ने सूचना कसैले दिएको आधारमा कसैलाई उद्धार गरिएमा वा संलग्न व्यक्तिलाई पक्राउ गरेमा सूचना दिने व्यक्तिलाई अपराधीलाई हुने जरिवानाको १० प्रतिशत बराबरको रकम पुरस्कारस्वरुप प्रदान गरिनेछ । |
| **उद्धार गर्ने दायित्व** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, दफा १२) | कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने पीडितको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नु पर्ने दायित्व रहेको छ । |
| **पुर्नस्थापना केन्द्र र कोष** (मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४,दफा १३ र १४) | पीडितहरूको पुर्नस्थापनाको लागि सरकारले पुर्नस्थापना केन्द्र स्थापना गर्नुपर्दछ । पुर्नस्थापना, पुर्नमिलन, औषधि उपचार, परामर्शको व्यवस्था सोही केन्द्रले गर्नुपर्दछ । गैरसरकारी संस्थाले पनि सरकारको स्वीकृतिमा पुर्नस्थापना केन्द्र सञ्चालन गर्न सक्दछ । पुर्नस्थापना केन्द्र सञ्चालन गर्नको लागि नेपाल सरकारले पुर्नस्थापना कोषको समेत स्थापना गर्नेछ । |

## मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि स्थानीय सरकारको भूमिका

मानव बेचबिखन तथा ओसारपसारको सवाललाई सम्बोधन गर्न बहुपक्षीय सरोकारवालाहरुको भूमिकाको खाँचो पर्दछ । राज्यको नयाँ संरचना अनुसार संघ, प्रदेश, स्थानीय तह, नागरिक समाज र समुदायमा आधारित संस्थाहरु आम समुदाय समेत बहुपक्षीय सरोकारवालाहरु भित्र पर्दछन् । अझ विशेष गरी राज्यका तीनै तहका सरकारहरु नै बढी संवेदनशील हुनुपर्दछ । राज्यले बनाएका ऐन, कानून, नीति नियमहरुको कार्यान्वयन प्रभावकारी हुनुपर्दछ । यसका लागि नयाँ कानून तथा नीति नियमहरु आवश्यक भए निर्माण गर्नुपर्दछ ।

मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि स्थानीय सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ ले स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विभिन्न जिम्मेवारीहरु तय गरेको छ । मानव बेचबिखन तथा ओसारपसार अन्त्य गर्ने सन्दर्भमा स्थानीय तहले विशेष गरी जोखिम न्यूनीकरण, पीडित सहायता तथा पूनर्स्थापना, प्रेषण सेवा, अनुगमन र नीतिगत सुझावका कार्यहरु गर्न सक्दछ । यसका लागि संघ तथा प्रदेश सरकारले तय गरेको वा नेपालको संविधान अनुरुप स्थानीय तहले मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि स्थानीय नीति तय गरी विभिन्न कार्यहरु गर्न सक्दछ । स्थानीय तहले गर्न सक्ने कार्यहरु निम्न रहेका छन्ः-

- ✓ मानव बेचबिखन तथा ओसारपसार अन्त्यका लागि स्थानीय नीति तथा कार्यक्रम अनुमोदन गर्ने,
- ✓ कानूनमा तोकिएको व्यवस्था अनुरुप मानव बेचबिखन तथा ओसापसार नियन्त्रणका लागि स्थानीय समिति गठन र परिचालन गर्ने,
- ✓ मानव बेचबिखन पीडित तथा प्रभावितहरुका लागि सहायता, राहत एवं

- ✓ पूनर्स्थापना सेवा प्रदान गर्न मानव बेचबिखन तथा ओसारपसार पीडित सहायता कोष स्थापना गर्ने,
- ✓ प्रत्येक स्थानीय तहमा मानव बेचबिखनको अनुगमन, कार्यक्रम समन्वय र कार्यान्वयन गर्न, पीडित सहायता गर्न संयन्त्रको स्थापना, सहायता कोषको स्थापना र सञ्चालन गर्ने,
- ✓ मानव बेचबिखन पीडित तथा जोखिम समुहलाई विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरु निर्माण र कार्यान्वयन गर्ने,
- ✓ स्थानीय बजारको अनुगमन गरी मानव बेचबिखन तथा ओसारपसारका जोखिम व्यवसायहरु पहिचान गर्ने र नियमनका लागि सहकार्य गर्ने,
- ✓ स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार जोखिममा रहेका तथा पीडित प्रभावितहरुको तथ्याङ्क संकलन गर्ने, सहायताका लागि सिफारिस गर्ने,
- ✓ जोखिम समूहका लागि रोजगारी, आय आर्जन, सचेतना तथा अन्य सहायताहरु उपलब्ध गराउने ।

## मानव बेचबिखन तथा ओसारपसा र संघीय संरचना

नेपालले स्थानीय, प्रदेश र संघीय तहमा मानव बेचबिखन तथा ओसारपसार अन्तका लागि र रोकथामका लागि विभिन्न जिम्मेवार संयन्त्र तथा निकायहरुको व्यवस्था गरेको छ ।

| स्थानीय तह | | | | |
|---|---|---|---|---|
| | स्थानीय न्यायिक समिति | रोजगार सेवा तथा सूचना केन्द | स्थानीय तथ्याङ्क शाखा | स्थानीय तह महिला तथा बालबालिका शाखा |

| | | | | |
|---|---|---|---|---|
| जिम्मेवारी | बाल अधिकार तथा महिला विरुद्ध हुने हिंसा एवं सम्पर्कमा आएका घटनाहरुलाई सम्बन्धित निकायमा पठाउने । | रोजगारीका नाममा हुनसक्ने बेचबिखन तथा बाध्यकारी श्रमका बारेमा सचेतना गर्ने रोजगार तथा बेरोजगारको तथ्याङ्क संलकन गर्ने रोजगारीका अवस्थाहरु पहिचान गर्ने | स्थानीय तह भित्र रहेका मानिस, परिवारहरुको अवस्थाको बारेमा तथ्याङ्क संलकन र अद्यावधिक गर्ने । | महिला तथा बालबालिकाका लागि नीतिगत व्यवस्थाहरु प्रस्तावित गर्ने । मानव बेचबिखन नियन्त्रण तथा रोकथामका लागि कार्यक्रम तथा बजेट लगानीको व्यवस्था गर्ने । |

| प्रदेश तह | | |
|---|---|---|
| जिम्मेवारी | सामाजिक विकास मन्त्रालय | आन्तरिक मामला तथा कानुन मन्त्रालय |
| | मानव बेचबिखन नियन्त्रण तथा न्युनिकरणका लागि संयन्त्रहरु निर्माण गर्ने, कार्यक्रम तथा बजेट तय गर्ने, पुनर्स्थापना कोष तथा केन्द्रहरु सञ्चालन गर्ने । | मानव बेचबिखन नियन्त्रण तथा रोकथामका लागि फौज्दारी अपराध अनुसन्धान कार्यविधिहरु तयार गर्ने प्रदेश प्रहरीको परिचालन तथा क्षमता विकास गर्ने |

| संघिय तह | |
|---|---|
| मानव बेचबिखन नियन्त्रण राष्ट्रिय समिति | नेपाल सरकार तथा गैरसरकारी संस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको समन्वय, एकिकृत प्रतिवेदन तथा पीडितहरुको उद्दार र सहायता प्रदानका लागि समन्वयकृत कार्य गर्ने । |

| | |
|---|---|
| मानव बेचबिखन विरुद्धको व्युरो, नेपाल प्रहरी | मानव बेचबिखनका अपराधहरुमा अनुसन्धान, अध्ययन तथा मुद्दाको कारवाहि अगाडी बढाउने मानव बेचबिखन पीडितहरुको उद्दार तथा घटना अनुसन्धान गर्ने । |
| बैदेशिक रोजगार विभाग | बैदेशिक रोजगारीका सवालमा उजुरी लिने तथा सुनुवाइ गर्ने, जरिवाना तथा क्षतीपुर्ती दिलाउने । |
| श्रम तथा व्यवसाय जन्य स्वास्थ्य सुरक्षा विभाग | श्रम सम्बन्ध र अभ्यासहरुको अनुगमन गर्ने, श्रम शोषणका उजुरीहरु लिने र सुनवाइ गर्ने । |
| महान्यायधिवक्ताको कार्यालय | जिल्ला न्यायधीवक्ताहरुका लागि क्षमता विकास, अभियोजन निर्देशिका तथा आवश्यक निर्देशनहरु प्रदान गर्ने । |
| राष्ट्रिय न्यायिक प्रतिष्ठान | न्यायपालिका तथा न्यायिक प्रक्रियामा संलग्न हुने सरोकारवालाहरुको क्षमता विकास गर्ने, अध्ययन तथा अनुसन्धान गर्ने । |

| निकायहरु | मुख्य जिम्मेवारी |
|---|---|
| विदेशस्थित दुतावास नियोग तथा निकाय | विदेशमा रहेका नेपाली नागरिकहरुलाई सूचना तथा सहायता प्रदान गर्ने । नेपाल सरकारका तर्फबाट प्रदान गरिनै तोकिएको नागरिक सेवाहरु प्रवाह गर्ने । पीडितलाई स्वदेशफिर्तीका लागि सहायाता तथा आवश्यक्ता अनुसार कानूनी सहायता प्रदान गर्ने । |
| विदेशस्थित अस्थायी आवास सेवा | उद्दार गरिएका नागरिकलाई स्वदेश फिर्ती नभएसम्म सुरक्षीत आवास, खाना, स्वास्थ्य सेवा प्रदान गर्ने । |

## वैदेशिक रोजगारी

कामको लागि होस् वा अन्य कारणले एक ठाउँबाट अर्को ठाउँमा स्वतन्त्र रूपमा आवत जावत गर्न पाउनु मानिसको अधिकार हो । कामको खोजीमा, गुणस्तरिय शिक्षा प्राप्त गर्ने या जीवनमा केही नयाँ सिक्ने, देशविदेश देख्ने, नयाँ अनुभव गर्ने, अझ राम्रो जीवनको चाहना राखेर विदेशिनेको संख्या दिन प्रतिदिन बढ्दो क्रममा रहेको छ ।

देशमा पर्याप्त रोजगारीको सिर्जना हुन नसक्नु, अस्थिर राजनैतिक अवस्था, सरकारले युवाहरूलाई सम्बोधन गर्ने उपयुक्त नीति तथा योजना ल्याउन नसक्दा, वैदेशिक रोजगारीको खोजीमा युवाहरूको आकर्षण बढ्दो छ । हरेक दिन १५०० देखि २५०० सम्म युवा महिला तथा पुरुषहरू रोजगारीका लागि विदेशिने गरेको पाइन्छ । यसरी रोजगारीका लागि विदेशिने महिलाको संख्या पनि दिनप्रतिदिन बढ्दै गइरहेको छ । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार वि.सं. २०५०/५१ देखि वि.सं. २०७५/७६ सम्ममा ४६ लाख भन्दा बढी श्रम स्वीकृति जारी भएका छन् । विभागको तथ्याङ्क अनुसार पछिल्लो एक दशकमा सबैभन्दा धेरै नेपाली रोजगारीका लागि मलेशिया गए भने दोश्रोमा कतार तथा तेश्रोमा साउदी अरव रहेको छ। नेपालबाट वैदेशिक रोजगारमा जाने तीनवटा माध्यम छन् । तिनिहरु व्यक्तिगत, संस्थागत र दुई देशका सरकारबीचको सम्झौता अनुसार (जिटूजी) हुन् । आफैं वा विदेशमा रहेका आफन्तले कुनै मुलुकमा रोजगारी खोजेर निश्चित कानूनी प्रकृया पूरा गरेर जानु व्यक्तिगत माध्यम हो । एकातिर वैदेशिक रोजगारीले मानिसलाई आर्थिक रुपमा सशक्त र स्वतन्त्र बन्नका लागि सहयोग गरेको छ भने अर्कोतिर वैदेशिक रोजगारी सम्बन्धी सहि सुचनाको अभावका कारण भई रहेको असुरक्षित यात्राले जटिल समस्या र चुनौतिहरुको समेत सिर्जना गरेको छ । वैदेशिक रोजगारी आफैमा मानव बेचबिखनको कारण हैन, गैरकानुन ढंगले वैदेशिक रोजगारीमा जानु र वैदेशिक रोजगारी सम्बन्धित प्रयाप्त सुचनाहरु नलिई वैदेशिक रोजगारीमा जादाँ मानव बेचबिखन लगायत अन्य जोखिमहरुको सम्भावना उच्च रहन्छ ।

“बेचबिखन र ओसारपसारलाई परिभाषित गर्दा मुख्यरूपमा आत्मसात गर्नुपर्ने कुरा भनेको बेचबिखन/ओसारपसार कहिले पनि आफ्नो इच्छाले हुँदैन यो व्यक्तिको इच्छा विपरीत (Lack of informed consent) बलपूर्वक गरिने कार्य हो । यसप्रकारले बेचबिखन र ओसारपसार भित्र समाविष्ट “इच्छा विपरीत” (Lack of informed consent) लाई कुनै पनि प्रकारको बसाइँसराइमा रहेको अवैधतासँग मिसाउनु हुँदैन । सबै प्रकारको बेचबिखन र ओसारपसार गैर कानुनी र अपराध हो । तर सबै प्रकारका बसाइँसराइ बेचबिखन र ओसार पसार होइन । यसकारण बेचबिखन/ओसारपसार र गैर कानुनी बसाइँसराइका अवधारणाहरूलाई एउटै दायरामा राखेर हेर्नु हुँदैन वा मिसाउनु हुँदैन ।

## वैदेशिक रोजगार भनेको के हो ?

आफ्नो मुलुक छोडेर अन्य कुनै मुलुकमा रोजगारीका लागि जानु वैदेशिक रोजगार हो । वैदेशिक रोजगार ऐन, २०६४ ले ‘वैदशिक रोजगार भन्नाले कामदारले विदेशमा पाउने रोजगार सम्झनु पर्दछ’ भनेको छ ।

## वैदेशिक रोजगारको क्रममा ध्यान दिनुपर्ने कुराहरू:

१) वैदेशिक रोजगारीमा जानका लागि प्रक्रिया पुऱ्याई व्यक्तिगत र संस्थागत २ किसिमले वैदेशिक रोजगार विभागबाट श्रम-स्वीकृति प्राप्त गर्न सकिन्छ ।

२) वैदेशिक रोजगारमा जाँदा श्रम विभागबाट श्रम-स्वीकृति लिएर मात्र जानुहोस् । श्रम-स्वीकृति सम्बन्धी जानकारी वैदेशिक रोजगार विभागको वेभ साईटमा गएर हेर्न सक्नुहुनेछ ।

३) वैदेशिक रोजगारिमा जाँदा तपाईंले सम्पर्क गरेको संस्था वैदेशिक रोजगार विभागबाट इजाजत प्राप्त मेनपावर कम्पनी हो कि होइन जानकारी लिनुहोस् । र इजाजत प्राप्त संस्था मार्फत मात्र जानुहोस् ।

४) स्वीकृत नलिएका एजेन्ट मार्फत वैदेशिक रोजगारीमा जाँदा तपाईंले कुनै पनि सेवा पाउनुहुन्न, बरु शोषणमा पर्न सक्नुहुन्छ ।

५) व्यक्तिगत प्रयासबाट भिषा प्राप्त गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिले नेपाली दूतावासबाट प्रमाणित सक्कल कागजातसहित स्वयं उपस्थित भई श्रम-स्वीकृति लिन सकिनेछ ।

६) वैदेशिक रोजगारमा जाँदा कुन काममा जाने सोको लागि कति खर्च लाग्छ, काम गरेबापत तलब, खाना, बस्ने व्यवस्था, काम गर्नुपर्ने घण्टा, ओभरटाइम काम भत्ता, करार अवधि आदि बारेमा राम्ररी जानकारी लिनुहोस् र सेवाशर्तहरू बारे बुझेर मात्र सम्झौता पत्रमा सही गर्नुहोस् र १ प्रति आफूसँग राख्नुहोस् ।

७) विमानस्थलमा फरकफरक सम्झौता गर्ने भएकाले एउटा कम्पनीसंग मात्र सम्झौता गर्नुहोस्, दोहोरो सम्झौतापत्र नगर्नुहोस् ।

८) इजाजतपत्र प्राप्त मेनपावर कम्पनीले विदेश पठाउन पासपोर्ट माग गरेमा कुन देशमा कुन कामको लागि कति अवधिभित्र पठाउने र कति लागतमा पठाउने भन्ने कुरा एकिन गरेर भर्पाई लिएर मात्र पासपोर्ट बुझाउनुहोस् । साथै आफ्नो नाममा भिषा प्राप्त भई वैदेशिक रोजगारमा जाने निश्चित भएपछि मात्र कम्पनीको बैंक खातामा वा प्रधान कार्यालयमा रकम बुझाउने र भर्पाई अनिवार्य रूपमा लिने । पूर्वस्वीकृति अनुसारको विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम नदिनुहोला ।

९) आफू जान चाहेको देशको बारेमा राम्रो जानकारी राख्नुहोस् । त्यो देशको भौगोलिक अवस्था हावापानी, ट्राफिक नियम, भाषा, संस्कृति, रहनसहन, चालचलन र श्रमसम्बन्धी सामान्य कानूनको बारेमा आवश्यक जानकारी राख्नुहोस् ।

१०) आफू जान चाहेको मुलुक कुन हो ? लगानी कति लाग्छ ? त्यस देशमा जानको लागि नेपाल सरकारले श्रम-स्वीकृति दिने गरेको छ वा छैन ? जानकारी लिनुहोस् ।

११) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली दूतावासको सम्पर्क ठेगाना, कामदारलाई सहयोग गर्ने अन्य संघसंस्थाको पनि सम्पर्क नं. र फ्याक्स नं. डायरीमा टिपोट गर्नुहोस् ।

१२) सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराई तोकिएको होलोग्राम भएको स्वास्थ्य परीक्षण प्रमाणपत्र लिनुहोस् ।

१३) सरकारले तोकेको बीमा कम्पनीमा गई करार अवधि अनुसार कम्तीमा रु ५ लाखको जीवन बीमा गराउनुहोस् ।

१४) विदेश जानुअघि स्वीकृत अभिमुखीकरण संस्थामा गई अनिवार्य रूपमा २ दिनको अभिमुखीकरण तालिम तथा जाने मुलुकको श्रम कानून सम्बन्धी जानकारी लिनुहोस् । आफू जान लागेको देशमा प्रवासी कामदारहरूबारे के कस्ता नियमहरू छन्, त्यसको बारेमा राम्रो जानकारी लिनुपर्दछ ।

१५) वैदेशिक रोजगारीमा जानुअघि अनिवार्य रूपमा सीप सिकेर मात्र जानुहोस् ।

१६) कागजी विवाह गरी जाने कोसिस नगर्नुहोस् । कैयौं महिलाहरू लाखौं रकम खर्च गरी कोरिया लगायत अन्य देश गएर अलपत्र पर्ने गरेको पाइएको छ। लुकीछिपी जाँदा कानूनी कार्वाही हुने, अलपत्र पर्ने, दुर्घटना हुने, सम्झौता बमोजिम काम नपाउने, उद्धार गर्न कठिन हुने र कल्याणकारी कोष, बीमा कम्पनीबाट प्राप्त हुने सेवा सुविधा प्राप्त नहुने हुँदा विशेष होस पुऱ्याउनुहोस् ।

१७) वैदेशिक रोजगार व्यवसायी संस्थाले दिएका हरेक कागजपत्रहरू एक/एक प्रति फोटोकपी आफन्त वा परिवारलाई दिनुहोस् र आफूसँग सुरक्षित लिएर जानुहोस् ।

१८) पहिलेको श्रम स्वीकृति म्याद नाघेको वा नयाँ देश वा कम्पनीमा वैदेशिक रोजगारमा पुनः जाँदा अनिवार्यरुपले पुनः श्रम स्वीकृति (नविकरण) लिनुहोस् । करार अवधि सकिएपछि पनि स्वीकृति वेगर, गैरकानूनी तरीकाबाट भिषाको म्याद भन्दा बढी समय नबस्नुहोस् अन्यथा सम्बन्धित देशको कानून अनुसार कार्वाही हुन सक्छ। आफ्नो राहदानीको म्याद समयमा नै नविकरण गर्नुहोस् ।

१९) कुनै पनि व्यक्तिले वैदेशिक रोजगारीमा पठाईदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको स्थानीय प्रशासन, प्रहरी, वैदेशिक रोजगार विभागमा सूचना दिनुहोस् ।

## वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुले थाहा पाउनुपर्ने कुराहरू :

### क) उमेर र विवरण

१८ वर्ष पूरा भएको अवस्थामा मात्र वैदेशिक रोजगारीको प्रक्रिया अवलम्बन गर्नुपर्छ । रोजगारीमा जानेक्रममा झुटा विवरण वा कागजात पेश गर्नुहुँदैन ।

### ख) संस्थागत पहल

वैदेशिक रोजगारको निमित्त अनुमति प्राप्त गरेका एजेन्सीहरुसँग मात्र वैदेशिक रोजगारीमा जाने सम्बन्धी कारोबार गर्नुपर्छ । संस्थासँग व्यक्तिगत तवरले जानेगरी काम कारवाही गर्न हुँदैन । व्यक्तिगत रुपमा वैदेशिक रोजगारीमा जान चाहनेले वैदेशिक रोजगार विभागको स्वीकृति प्राप्त गर्नुपर्छ ।

## ग) आवश्यक प्रमाणहरू सुरक्षित राख्नुपर्ने

वैदेशिक रोजगारको निमित्त जानेक्रममा वैदेशिक रोजगार एजेन्सीलाई रकम बुझाएपछि रसिद लिई सुरक्षित राख्नुपर्छ । वैदेशिक रोजगारीको निमित्त एकमुष्ट वा किस्तामा रकम बुझाएको भएमा कुन किस्ता वापत् कति रकम बुझाएको हो सो समेतको निस्सा लिनुपर्छ । बुझाएको रकम र प्राप्त रसिदमा रकम फरक परे, नपरेको यकिन गरी गरी वास्तविक तिरेको रकम जनाएको रसिद लिनुपर्छ । रसिदमा सम्बन्धित एजेन्सीको छाप भए नभएको र बुझिलिनेको दस्तखत भए नभएको जाँची लिनुपर्छ ।

राहदानी, भिसा, श्रम स्वीकृति, करारपत्र, तालिमहरुको प्रमाणपत्र, रकम बुझाएको रसिदहरु, बीमा, स्वास्थ्य परीक्षण आदिको कागजात आफूसँग सुरक्षित राखी त्यसको फोटोकपी घर परिवारका व्यक्तिहरु वा भरपर्दो अभिभावकलाई छोड्नुपर्छ ।

## घ) तालिम तथा सुरक्षा

वैदेशिक रोजगारीमा जाने कामको लागि कुनै सीपमूलक तालिम आवश्यक भए त्यस्तो तालिम लिएको हुनुपर्ने र मान्यता प्राप्त संस्थाबाट अभिमुखीकरण तालिम हासिल गर्नुपर्छ ।

वैदेशिक रोजगारीमा जाने क्रममा गर्नुपर्ने बीमा तथा कल्याणकारी कोषमा अनिवार्य रुपमा रकम जम्मा गर्नुपर्छ ।

एजेन्सी वा कोही कसैबाट वैदेशिक रोजगारी सम्बन्धी विषयमा गलत वा ठगी गर्न लागेको शंका लागेमा वा त्यसो भए गरेमा वैदेशिक रोजगार विभाग वा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरीमा तुरुन्त खबर गर्नुपर्छ ।

वैदेशिक रोजगारीमा जाने व्यक्तिले अनुमति लिएको अवस्थामा बाहेक अन्य मुलुकको मार्ग प्रयोग गरी वैदेशिक रोजगारीमा जान हुँदैन । वैदेशिक रोजगारीको

निमित्त विदेश प्रस्थान गर्नु पूर्व वैदेशिक रोजगार विभागबाट राहदानीमा श्रम स्वीकृतिको स्टिकर लगाएको हुनुपर्छ ।

## ङ) पूर्व तयारीको अवलम्बन

वैदेशिक रोजगारमा जाने नेपालीले अनुमतिको अवधि पश्चात् नियमानुसार म्याद थप नगरी अवैधानिक रुपमा विदेशमा बस्न वा काम गर्न हुँदैन । वैदेशिक रोजगारीको क्रममा भएको सम्झौता अनुसारको अवधिभित्र करार भंग नभएसम्म उक्त कार्य छाडी अन्यत्र काम गर्न वा बिना स्वीकृति काम छाडी अन्यत्र जान हुँदैन।

## च) क्षतिपूर्ति

कुनै कारणले विदेशबाट असमयमा फर्कनु परेमा वैदेशिक रोजगार विभाग र पठाउने एजेन्सीमा फिर्ता आएको १५ दिन भित्रमा जानकारी गराउनु पर्छ ।

## छ) विदेशमा सम्पर्क र समन्वय

नियम अनुसार वैदेशिक रोजगारीमा गएपछि उक्त मुलुकमा रहेको नेपाली दुतावास, वा नियोग वा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोकेको सम्बद्ध संस्थामा सम्पर्क कायम गरी आफू आएको जानकारी गराउनु पर्नेछ। वैदेशिक रोजगारको क्रममा समस्या आएको अवस्थामा उक्त निकायमा जानकारी गराउनु पर्नेछ ।

ज) वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति नलिई वैदेशिक रोजगारमा जानु हुँदैन ।

झ) वैदेशिक रोजगारमा जानुपूर्व अभिमुखीकरण तालिम लिनुपर्छ र जान लागेको देश, आफूले गर्ने काम र पाउने पारिश्रमिकबारे राम्ररी जानकारी लिई जानुपर्छ।

ञ) स्वास्थ्य परीक्षण, जीवन बीमा, दुर्घटना बीमा विदेशमा काम गर्न जानु पूर्व अनिवार्य रुपमा गर्नुपर्छ ।

वैदेशिक रोजगारीका लागि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने सूचनाको आधिकारिकता बुझ्नु परेमा वैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्धन वोर्डमा सम्पर्क गर्नुहोस् वा पत्रपत्रिकामा प्रकाशित विज्ञापनमा उल्लेखित Lot Number टाइप गरि ३४००१ मा SMS गरि आधिकारिकता बुझ्नुहोस । (उदाहरणको लागि Lt No: 202020 छ भने LT<space>202020 टाईप गरि ३४००१ मा SMS गर्नुहोस् ।

वैदेशिक रोजगारमा हुने ठगी र अन्य सूचना लिन र दिन टोल फ्रि नं. १६६००१० ९९९९ को व्यवस्था गरिएकोले कुनै गुनासो वा जानकारी भए फोन गर्नुहोस । साथै वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको टोल फ्रि नं. १६६००१५०००५ मा पनि आफ्नो समस्या राख्न सकिन्छ ।

## मानव बेचबिखन तथा ओसारपसारबाट कसरी बच्ने ?

✓ कुनै पनि परिचित अथवा अपरिचित व्यक्तिलाई झट्टविश्वास गर्नु हुँदैन। कुनै पनि व्यक्तिले यदि राम्रो जागिर दिने, घुमाउने, विवाह गर्ने, समानहरु किनिदिने प्रलोभन देखाएमा त्यस्तो कुरामा विश्वास गरिहाल्नु हुदैंन ।

✓ नयाँ ठाउँमा जादाँ त्यस ठाउँको विषयमा जानकारी लिएर मात्र जानु पर्दछ र यस विषयमा परिवारका सदस्य, नातेदार वा साथीहरुलाई जानकारी दिएर मात्र जानु पर्दछ ।

✓ मानव बेचबिखन/ओसारपसारका बारे आफूले पूर्ण जानकारी लिई अरूलाई पनि जानकारी दिने ।

✓ कसैले तपाईँको आवश्यकता र ईच्छा पुरा गर्न सहयोग गर्छु तर त्यसको लागि आफ्नो घर ठाउँ छोडेर अन्तै जानुपर्छ भन्छन् भने त्यस्तो कुरा सही हो वा होइन पत्ता लगाउने । यसका लागि कहाँ जाने, कसरी जाने, के काममा

जाने, तलव कति हुन्छ सबै थाहा पाउने। आफूले थाहा पाएको कुरा सही हो वा होइन यकिन गर्न जानेबुझेका परिवार, साथीभाई, गाउँका अगुवा र प्रहरीसँग बुझ्ने ।

- ✓ कसैको पनि प्रलोभनमा नपर्ने, अरूको लहैलहैमा नलाग्ने, कसैले कुनै लोभ देखाएमा सम्बन्धित सरकारी निकाय, नजिक रहेका संस्था, जानेबुझेका परिवारका सदस्य तथा विश्वसनीय साथीहरूसँग सरसल्लाह गर्ने ।

- ✓ रोजगारीका लागि कुनै ठाउँमा जादाँ सबै जानकारी लिएर जानु पर्दछ। वैदेशिक रोजगारीमा जानु परेमा सम्बन्धित कामका बारेमा, जाने देश र त्यसको नियमहरुका विषयमा जानकारी लिएर र सम्बन्धित निकाय वा जानकार व्यक्तिसंग सल्लाह लिनु पर्दछ ।

- ✓ रोजगारीका लागि जाँदा आफ्नो सीप र क्षमता अनुसारको काम मात्र छनौट गर्ने र सीप विकास तालिममा सहभागी भएर मात्र वैदेशिक रोजगारीमा जाने । वैदेशिक रोजगारीमा जाँदा सरकारले तोकिदिएको नियम र प्रकृया अपनाएर आधिकारिक र मान्यता प्राप्त कम्पनी वा एजेन्सी मार्फत मात्र जाने । वैदेशिक रोजगारीमा जाँदा सरकारले खुला नगरेको देशमा नजाने ।

- ✓ विपद्का बेला आइपरेको समस्यामा नआत्तिने । यस्तो बेलामा संयम भई सकेसम्म आफ्नै ठाउँमा वा देश भित्र रोजगारी तथा आम्दानीका अवसरहरू खोज्ने। साथै, आफ्नो वरपर सञ्चालित सीप विकास तथा आय आर्जनका कार्यक्रमहरूको बारेमा जानकारी लिने र सहभागी हुने। यस्तो बेलामा बचौलिया (दलाल) ले प्रलोभनमा पार्ने सम्भावन उच्च हुन्छ।


- ✓ कहीँ पनि जाँदा आफ्ना महत्वपूर्ण कागजातहरू जस्तै नागरिकता, पासपोर्ट (राहदानी), लालपुर्जा (जग्गाधनी दर्ता प्रमाण पत्र), जन्मदर्ता प्रमाण पत्रहरू

आफुसँगै राख्ने । त्यस्ता कागजातको फोटोकपि (प्रतिलिपि) परिवारका सदस्यसँग राख्न दिने ।

- ✓ कानुनी समस्या परेमा वा कागजातहरू हराएमा गाउँपालिका वा नगरपालिकाको कार्यालय तथा अन्य सम्बन्धित निकायहरु सम्पर्क गर्ने र जानकारी गराउने ।

## सन्दर्भ सामाग्री


- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन २०७६
- मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७६
- वार्षिक प्रतिवेदन, वैदेशिक रोजगार विभाग




sia Foundation